Website : besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np
फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

बेसीशहर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**स्वास्थ्य शाखा**

बेसीशहर,लमजुङ
गण्डकी प्रदेश,नेपाल

प.सं. :- २०७९-८०　　　　　　　　　　　　　　　　　　　　मिति :-२०७९-०५-१५
च.नं.:- २८।(ख)

बिषय **:** बुस्टर मात्रा लगाउने सम्बन्धमा ।

श्री सवै वडा कार्यालयहरु,
बेसीशहर,लमजुङ ।

प्रस्तुत बिषयमा स्वास्थ्य कार्यालयको प.सं. २०७९-८० च.नं. ३५ मिति २०७९-०५-१४ गतेको यस कार्यालयमा प्राप्त पत्रानुसार कोभिड १९ रोग रोकथाम तथा नियन्त्रणको लागि यस भन्दा अगाडी विभिन्न मितिमा बिद्यालयहरुमा अध्ययरत **१२ बर्ष देखि १७ बर्ष सम्मका बालबालिकाहरुलाई** कोभिड १९ बिरुद्ध मोडेर्ना खोपको पहिलो र दोश्रो मात्रा खोप सफलता पूर्वक संचालन गरिसकीएको हुदा निजहरुलाई **मिति २०७९ भाद्र १७ गते देखि २१ गते सम्म बिहान १० बजे देखि ४ बजे सम्म** सबै स्थानिय तह अन्तरगत प्रत्येक वडाका सामुदायिक/संस्थागन बिद्यालय साथै स्वास्थ्य संस्थामा खोप केन्द्र राखि **१२-१७ बर्ष उमेर समुहका बालबालिकाहरुलाई कोभिड १९ बिरुद्ध फाइजर खोप बुस्टर मात्रा** दिने व्यवस्था गर्नका लागि आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ ।

**खोप लगाउने आधारहरु :-**

- दोश्रो मात्रा खोप लगाएको ३ महिना पुगेको बालबालिकाहरुलाई मात्र बुस्टर डोज दिने ।
- बुस्टर डोज लगाउन खोप कार्ड अनिबार्य हुनुपर्ने छ ।
- मोडेर्ना खोप लगाउदा १२ बर्ष नगुगेका बालबालिकाहरु हाल १२ बर्ष उमेर पुगेका तथ कोभिड १९ बिरुद्ध खोप लगाउन छुट भएकाहरुलाई पहिलो मात्रा दिने ।
- मोडेर्ना खोप लगाउदा बिभिन्न कारणले दोश्रो मात्रा लिन छुट भएका बालबालिकाहरुलाई दोश्रो मात्रा दिने ।
- मास्कको अनिवार्य प्रयोग गर्ने ।
- सामाजिक दुरी कायम राख्दै खोप केन्द्रमा भिडभाड नगर्ने ।

....................
मनोज सिह बोहरा
स्वास्थ्य शाखा प्रमुख

बोधार्थ :-

- श्री स्वास्थ्य कार्यालय,लमजुङ ।
- श्री बेसीशहर नगरपालिका शिक्षा शाखा :- बिद्यालयहरुमा आवश्यक समन्वय गरिदिनुहुन ।